त्रिभुवन विश्वविद्यालय
# शिक्षाशास्त्र संकाय
## परीक्षा नियन्त्रण महाशाखा
बल्खु, काठमाडौं, नेपाल

शिक्षा शास्त्र संकाय डीनको कार्यालय परीक्षा नियन्त्रण महाशाखा बल्खु

मितिः २०८१।१०।२०

## स्नातकोत्तर तह MSSEd. छैठौं सेमेस्टरको परीक्षा आवेदन फारम भर्ने सम्बन्धी सूचना

यस संकायअन्तर्गत सञ्चालित स्नातकोत्तर तह MSSEd. छैठौं सेमेस्टर (नियमित) परीक्षाको यही २०८१ साल चैत्र महिनामा सञ्चालन हुने परीक्षामा सम्मिलित हुन चाहने विद्यार्थीहरुले आफ्नो क्याम्पसमा सम्पर्क गरी यही २०८१ साल फागुन १० गतेसम्म अनलाईन रुपमा परीक्षा फारम भर्न/भराउन हुन सम्बन्धित सबैलाई सूचित गरिएको छ ।

पुनश्चः

- विद्यार्थीहरुले यस संकायको वेवसाइटः www.tufoe.edu.np मा रहेको online form मा त्रि.वि. रजिष्ट्रेशन नम्बर मार्फत परीक्षा फराम भर्न सक्नेछन् ।
- परीक्षा आवेदन फारमवापत नियमित परीक्षाका लागि रु. २५००।- शुल्क लाग्नेछ जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ । परीक्षा फारमवापत संकलित रकम सम्बन्धित क्याम्पसले यस शिक्षाशास्त्र संकाय डीनको कार्यालयको बैंक खातामा यही २०८१ साल फागुन ११ गतेभित्र जम्मा गर्नुपर्नेछ र सोको सक्कल भौचर परीक्षा नियन्त्रण महाशाखामा यही २०८१ साल फागुन ११ गतेसम्म बुझाउनु पर्नेछ ।
- विद्यार्थीहरुले परीक्षा फारममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ । साथै सम्बन्धित क्याम्पस/कलेजको परीक्षा शाखाले आफ्ना विद्यार्थीहरुले भरेको अनलाईन फाराम रुजु गर्नुका साथै आन्तरिक मूल्यांकन अंक प्रविष्ट गरी यही २०८१ साल फागुन ११ गतेभित्र परीक्षा आवेदन फाराम प्रमाणित (Verify) गरिसक्नु पर्नेछ । साथै विद्यार्थीहरुको आन्तरिक मूल्यांकन अंकको प्रमाणित विवरण, हाजिरी विवरण (न्यूनत्तम ८०% हाजिर हुनपर्ने) समेत उल्लेख गरी परीक्षा सुरु हुनुअगावै डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा बुझाउनु पर्नेछ ।
- अनलाइन परीक्षा फारममा आवेदक विद्यार्थीले तोकिएको ठाउँमा फोटो, दस्तखत, स्थानान्तर पत्र आदि अप्लोड गर्नु पर्नेछ ।
- अनलाईन परीक्षा फारममा उल्लिखित रीत पूरा नभई आएमा उक्त परीक्षा फारम रद्द हुनेछ ।

सहायक डीन